# रास्कोट नगरपालिकाका द्धिवर्षिय प्रगति सार्वजनिक कार्यक्रमहरु

नेपालको संबिधान २०७२ स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहको दोस्रो निर्वाचन प्रश्चत निर्वाचित नगर प्रमुख, उपप्रमुख र जनप्रतिनिधिहरुको सपथ ग्रहण देखी दुई वर्ष सम्मका गरेका नविनतम् प्रगति सार्वजनिकहरु

१०औं नगर सभा द्वारा "हामी बनाउछौ हाम्रो नगर" भन्ने मुल नाराका साथ अगाडी बढन खोजेको पथ, देखेका सपना, लिएर हामीले हाल सम्म उल्लेखिय कामहरुको प्रगतिहरु ।

मुख्य गरेर हाल सम्मका दुई वर्षहरुमा सामाजिक विकास, पूर्वाधार विकास र सुशासन तथा सेवा प्रवाह विषेश जोडदिदै उल्लेखनिय उपलब्धी हासिल गरेका छौं आर्थिक विकासको आधारतय भएको छ आगामि दिनहरुमा रास्कोट नगर बासिहरुको आर्य आर्जनमा बृद्दि गरि आर्थिक विकासमा सम्बृद्धि हासिल गर्दै आत्मा निर्भर नागरिक बनाउन लक्ष्य लिएका छौं ।

मुख्य नविनतम् कार्यक्रमहरुको प्रगतिहरु ।

१. वार्षिक कार्य योजना निर्माण:- वार्षीक कार्य योजना सहितको कार्यपात्तो तयार गरि कार्यन्वयनमा रहेको
२. हेलो मेयर कार्यक्रम :- सुशासनलाई प्रभाबकारी बनाउन सोधपुछ कक्ष स्थापना गुनासो सुजुवाईका लागि टोल फ्रि नं १६६००८७४४०४४ सञ्चालनका रहेको ।
३. पहिचान सहितको लोगो:- रास्कोट नगरपालिकाले आफ्नै पहिचान सहितको लोगो नगर सभाबाट पारित गरि सञ्चालनमा ल्यइएको ।
४. **नगर प्रहरीको गठन:-** रास्कोट नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन ऐन २०७९ अनुसार एक जना नगर प्रहरी हवल्दार, १४ जना जवान नियुक्ति गरी प्रहरी तालिम केन्द्र सुर्खेत हाल नेपालगञ्जमा आधारभुत तालिम प्याकेज अनुसार ४५ दिनको तालिम प्राप्त गरि नगरपालिकाको शान्ति सुरक्षा तथा अमनचयनमा कार्यथ रहेको । नगरपालिका भित्र ढुङ्गा, गिटि, वालुवा,वन पैदावार, वन्यजन्तुहरुको संरक्षण तथा संबर्धन गर्नका लागि लेकालि भेगमा र सान्तिधाटमा नगर प्रहरीको चेक पोष्ट रही आन्तरिक राजश्व संकलन भइरहेको ।
५. **स्मार्ट नगरपालिकाको आधार तयार गर्नका लागि स्मार्ट सिटि:-** आर.सि.पि. बजार लगाएत अन्य क्षेत्रहरुको विस्तृत गूरुयोजना अनुसार स्मार्ट सिटि बनाउने लक्ष्य सहित सधन सहरी विकास आयोजना जुम्ला द्वारा १.९० कि.मि.सडक कालो पत्रे र ३५ वटा पक्कि सटरहरु सञ्चालनमा ल्याई घर बेटि तथा व्यपारीहरु सम्झैता गरि भाडामा दिएको ।
६. **मेयर हेल्थकेयर कार्यक्रम सञ्चालन:-"भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"**भन्ने कथनलाइ सार्थक बनाउदै रास्कोट नगरपालिकाको मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ अनुसार प्रत्येक महिनाको एक पटक एक वडामा जेष्ठ नागरिक, सिमान्तकृत समुदायहरु,गर्भवति महिलाहरु ,एकल महिलाहरु ,एक पटक वडा तथा टोलहरुमा चिकित्सकहरु द्वारा सेवा प्रवाहा भएएको ।
७. **नगरपालिकाका सार्वजनिक क्षेत्रहरु व्यवस्थित गर्ने:-** सार्वजनिक क्षेत्रहरुमा लगाइएका घर टहरा खाली गर्ने कार्य कार्यन्वयनमा गरि लेखाली भेगमा उपभोग गरिरहेका सार्वजनिक जमिन करको दाएरा ल्यइएको ।

८. **इलाका प्रशासन कार्यालय :-** कालीकोट जिल्ला प्रदेश निर्वाचन क्षेत्र (ख) कानागरिकहरुको सेवा प्रवाहलाई ध्यान दिदै रास्कोट नगरपालिकामा इलाका प्रशासन कार्यालय स्थापनाको प्रकृया सुरु भएको ।

९. **राष्ट्रिय वाणिज्य बैक स्थापना:-** रास्कोटका नागरिकहरुको बैङ्किंग सेवाको पहुँच थप विस्तार गर्न नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रिय वाणिज्य बैंकको स्थापनाको प्रकृया पुरा भई काम संचालन गरेको ।

१०. **भुमि बर्गिकरण:-** भु - उपयोग निति २०७९ बनाइ रास्कोट नगरपालिकाको भुमिको बर्गिकरण गरि सम्बन्धीत निकायमा पेश गरि कार्यन्वयनमा आएको ।

११. **सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण:-**रास्कोट नगरपालिकाको सहजिकरणमा राष्ट्रिय वाणिज्य बैंक र ग्लोबल आई एम ई बैंक सहजिकरणमा ६८ बर्ष भन्दा माथिका जेष्ठ नागरिकहरु र पुर्ण अपाङ्गता भएका लाभग्राहीहरु लाई एक किस्तामा ६२१ जनालाई घर आँगनमै सामाजिक सुरक्षा भत्ता वितरण गरेको ।

१२. **उप-प्रमुख सशक्तिकरण(लक्षित वर्ग) कार्यक्रम सञ्चालन :-**रास्कोट नगरपालिकाका सम्पुर्ण लक्षित वर्गका कार्यक्रम अनुसार कार्यान्वयनमा ल्यएको ।

१३. **एक घर एक धारा कार्यक्रम:-**स्वच्छ खानेपानीको पहुँचमा विस्तार गरी **१४७३** घर धुरीमा एक घर एक धारा निर्माण कार्यसम्पन्न भएको ।

१४. **नागरिक निर्जिवन घर विमा कार्यक्रम:-**रास्कोटनगरपालिका विपत जोखिम न्यूनिकरण गर्न सबै घरहरुको निर्जिवन बिमागर्न कार्यक्रम अन्तरगत २४९३ घरहरुको निर्जिवन बिमा नगरपालिका ले रु ६ लाख ७२ हजार लगानी गरेकोमा २४ जनाले ३५ लाख रकम पाएका र यस बर्ष २२८५ घर हरुमा नगरबाट रु ५लाख ६५ हजार नगरपालिकाले विमाङ्क तिरि घर विमा गरिदिएको ।

१५. **स्वास्थ विमा :-** कालीकोट जिल्लामा जिल्ला अस्पताल पछि रास्कोट नगर अस्पतालमा शहिद परिवार विपन्न अशाय सिमान्तकृत समुदायका नागरिकहरुको नगर सरकारले स्वास्थ विमा एक लाखको स्वाथ्य विमा रास्कोट अस्पतालमा लागु हुने भएको छ।

**१६.** **रास्कोट अस्पताल:-** रास्कोट नगरपालिकाको स्वमित्वमा रहेको रास्कोट अस्पतालबाट कालिकोट प्रदेश निर्वाचन क्षेत्र ख का नागरिकले स्वास्थ्य सेवा लिएका जसमा वर्थिङ् सेन्टर स्थापना,३५ किलो वाटको सोलार,परिवार नियोजन कक्ष स्थापना र सबै नागरिकहरुको स्वास्थ विमा लागु गरिएको ।

१७. **कार्वन ट्रेड संग नगपालिका:-**रास्कोट नगरपालिकाका २००० घर धुरीलाई सुधारिएको चुलो वितरण गरि धुवा न्यूनिकरण नगरपालिका बनाए वापत कार्वन उत्सर्जन गर्न राष्ट्रहरुबाट करीव २० हजार डलर आय वढ्ने ।

१८. **विधुत काउन्टर स्थापना:-** निर्वाचन क्षेत्र ख कानागरिकहरुलाई सुबिधा प्रदान गर्नका लागि विधुत महशुल काउन्टर स्थापना गरिएको ।

१९. **फाइवर नेट** :- रास्कोट नगरपालिकामा वर्डलिङ्क मार्फत सबै वडा तथा सेवा कार्यालयहरुमा लाइन विस्तार गरि अन्तिम चरणमा रहेको ।

२०. **नुन र चामलको खाद्य डिपो स्थापना :-** नियमित रुपमा साल्ट ट्रेडिङ्ग कर्पोरिशन लिमिटेड मार्फत ३६०० घर धुरीलाई आयोडिन नुन वितरण गरिएको ।

**२१.** आन्तरिक राजश्व बृद्दि :-आन्तरिकराजस्व गत वर्ष भन्दा चौगुणा वृद्धिदरमा ल्याइएको ।

२२. **एक घर एक ओखर बगैचा कार्यक्रम :-** रास्कोट नगरपालिकाका ३हजार २ सय घर धुरीहरुलाई एक दाते ओखर वितरण गरिएको ।

२३. **ग्रामिण अल्टासाउण्ड कार्यक्रम :-** गाउँ घरमा धुम्ति सेवा मार्फत अल्टासाउण्ड कार्यक्रम भइरहेको ।

२४. **बृहत् सिँचाई आयोजना:-** रास्कोट नगरपालिकामा गौरवको आयोजनाको रुपमा कृषि योग्य जमिनलाई सिँचाई गर्न एकिकृत बृहत् सिँचाई कुलाहरुमा साबिक सिपखाना गाबिसको छेत्तडी, स्यूना गाविस भिडकुलो र फुकोट गाविस बाग्रिकुलो) निर्माणा धिन अबस्थामा रहेको ।

२५.**औद्योगिक ग्राम स्थापना :-** नेपाल सरकार औद्योगिक ग्राम धोषणा अन्तर्गत गरेको नीति अनुसार रास्कोट नगरपालिकाको भु वर्गिकरण गरी औद्योगिक क्षेत्र कालापानिमा औद्योगिक ग्राम निर्माण काम सञ्चालन रहेको ।

२६. आधुनिक माटोका भाडा उद्योग:- रास्कोट नगरपालिका वडा नं ३ मा आधुनिक माटोका भाडा बनाउने उद्योग स्थापना भइ सञ्चालनमा रहेको ।

२७.कृषि संकलन केन्द्र:- रास्कोट नगरपालिका भरीका कृषकहरुको कृषि उत्पादनलाई बजारीकरण गर्न कृषि संकलन केन्द्र निर्माणको काम सुचारु भएको ।

२८.बेसार प्रशोधन उद्योग:- रास्कोट नगरपालिका भरीका कृषकहरुको उत्पादन गरेको बेशारलाई प्रशोधन गरी बजारीकरण गर्न बेसार प्रशोधन उद्योगको काम निर्माण भएको ।

२९.दलित लक्षित आर्यआर्जन कार्यक्रम:- रास्कोट नगरपालिका वडा नं ३ मा दलितहरुको आर्यआर्जन गरि मुलप्रवाहिकरण गर्न कालिज फर्म,भैसि फमहरुको काम संचालनमा रहेको ।

३०. **गुणस्तर सुधारका लागि शैक्षिक क्रान्ति :-**

रास्कोट नगरपालिकामा सामुदायिक बिद्यालयहरको स्तरउन्नति गरि विधार्थीहरुको गुणस्तर सुधार गर्ने बृहत् शैक्षिक गोष्ठिबाट प्रतिबद्वता गर्दै तहगत शिक्षक काज सरुवा तहगत प्रधानाध्यापक ब्यबस्थापन गरि परिक्षा प्रणाली मर्यादित र एकरुपता गरी विद्यार्थीहरुको उल्लेखनीय सिकाई उपलब्धी हासिल गरेका । सबै विद्यालयहरुमा पक्कि भवन तथा कक्ष कोठा, ECD मा स्मार्ट टिभि, आधारभुत र माध्यमिक विद्यालयहरुमा स्मार्ट बोर्ड व्यवस्थापन, विद्यालयहरुलाई विद्यार्थी अनुपातका आधारमा प्रति विद्यार्थी लागतका आधारमा विद्यालयलाई अनुदानको ब्यबस्था गरिएको ।

नमुनाका रुपमा अंग्रेजी माध्यमको बिद्यालय :- संघिय सरकारको नमुनाकोरुपमा रहेको वडिमाध्यमिक विद्यालयलाई एक कक्षा देखी ९ कक्षा सम्म सामान्तररुपमा अंग्रेजी र नेपालिका माध्यमबाट कक्ष सञ्चालन भएको ।

विद्यालय सुरक्षा गार्ड र खेलकुद प्रशिक्षक :- माध्यमिक बिद्यालयहरुमा विद्यालयको संरक्षण तथा अनुसासन समग्र व्यवस्थापनका लागि विद्यालय सुरक्षा गार्ड र सर्वाङ्गिण विकासका लागि खेलकुद प्रशिक्षकहरु सकृयरुपमा कार्यन्वयनमा रहेको ।

कक्षा मिलान तथा विद्यालय समायोजन :- शैक्षिक सुधारका लागि विद्यार्थी अनुपातका आधारमा कक्षा मिलान तथा विद्यालय समायोजन गरि कार्यन्वयन गरिएको ।

३१. सामाजिक रुपान्तरणः- सभ्य समाज निर्माणका लागि सामाजिक रुपमा रहेका व्यप्त घटनाहरुलाई न्यूनिकरण गर्न सबै वडाहरु बालश्रम मुक्त वडा धोषणा भई नगरपालिका धोषणाको तयारी रहेको, बालबिबाह न्यूनिकरण भई वडा नं ४ र वडा न ९ लाई वालबिबाह मुक्त वडा धोषणा जेष्ठ १५ भित्र गरि सक्ने कार्ययोजना भएको र साक्षरता शिक्षा सञ्चालन गरि साक्षार नगरपालिका धोषणा तयारी रहेको ।